
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३


# पोखरापत्र
राष्ट्रिय दैनिक
Pokharapatra National Daily


रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ३०१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर १० गते आइतबार ❑ 26 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## सडक निर्माणमा भएको खर्चले प्रतिफल दिएन : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, ९ मंसिर

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सडक पूर्वाधार निर्माणमा गरिएको खर्चले आवश्यक प्रतिफल प्राप्त हुन नसकेको बताउनुभएको छ।

उहाँले घरघरमा बाटो लैजाने योजना कार्यक्रमले निर्दिष्ट लक्ष्य हासिल नहुने भएकाले बस्ती विकासको योजना आवश्यक भएको उल्लेख गर्नुभयो।

प्रदेश नीति तथा योजना आयोगले शनिबार पोखरामा आयोजना गरेको दोस्रो पञ्चवर्षीय योजना तर्जुमा तथा आयोजना बैंक सञ्चालनसम्बन्धी अन्तर्क्रियाका क्रममा उहाँले अहिलेको विकासको योजनाले लक्ष्यअनुसारको उपलब्धि हासिल गर्ने अवस्था नरहेको उल्लेख गर्नुभयो । मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "बीस घरमा बाटो लैजान रु २० करोड लगानी गर्दासमेत पक्की हुने अवस्था छैन। बस्ती विकासबारे



दोस्रो पञ्चवर्षीय योजनामा पुनःविचार गर्नुपर्दछ, त्यसमा गृहकार्य भएको छ। अब घरमा बाटो लैजाने कि बाटोमा घर ल्याउने त्यो बारेमा बहस जरुरी छ। यस्तै किसिमबाट घरघरमा बाटो लैजाने मोडालिटी लिने हो भने अझैँ खर्च गरे पनि बाटो बनाउन सक्दैनौं ।"

मुख्यमन्त्री पाण्डेले गाउँबाट सहर झर्ने र सहरबाट विदेश पलायनको मानसिकता र प्रवृत्ति बढिरहेकाले बसाइँसराइ रोक्ने कार्यक्रमलाई दोस्रो पञ्चवर्षीय योजनामा पहिलो प्राथमिकतामा राख्न आग्रह गर्नुभयो। प्रदेशलाई आवश्यकभन्दा बढी संरचना समायोजना गर्नुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो। "हाम्रो प्रदेशलाई आवश्यकताभन्दा बढी संरचना जसले पाँच वर्ष खासै काम गर्न सकेनन्।

त्यसलाई समायोजन गर्ने र प्रदेश सरकारपछिका नयाँ संरचना र पहिला भएका संरचना कमभन्दा कम बनाउँदै काम गर्ने कसरी बनाउने पञ्चवर्षीय योजनामा हुनुपर्दछ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो। जनताको अहिले पनि सडक, सिँचाइलगायतको माग बढी हुने भएकाले योजनामा त्यस्ता कार्यक्रमलाई समावेश गर्नु चुनौतीपूर्ण रहेको उहाँले उल्लेख गर्नुभयो । कार्यक्रममा नेकपा (एमाले) गण्डकी प्रदेशसभा संसदीय दलका नेता एवं निर्वतमान मुख्यमन्त्री खगराज अधिकारीले सङ्घीयतामाथि गम्भीर प्रश्न उठेकाले सरकारमा रहँदा राम्रो काम गर्ने र मन्त्रीहरू फराकिलो बन्नुपर्नेमा जोड दिनुभयो। उहाँले आवश्यकताका आधारमा योजना छनोट गरि नुपर्ने र त्यसका लागि नीति योजना आयोगले रिसर्चको कामसमेत गर्नुपर्ने बताउनुभयो।

नेकपा(माओवादी केन्द्र) संसदीय दलका नेता हरिबहादुर चुमानले सङ्घीयतामाथि उठेका विभिन्न प्रश्नहरूको प्रदेश सरकारले कामबाटै जवाफ दिनुपर्ने बताउनुभयो। कार्यक्रममा प्रदेशसभा सदस्यले प्रदेशको दीर्घकालीन हित, विकास र समृद्धिलाई प्राथकिता दिएर योजना बनाउनुपर्नेमा जोड दिनुभएको थियो।

स्थानीय तहबाट योजना सङ्कलन गरी आयोजना बैंकका माध्यमबाट प्राथमिकताका आधारमा बजेट विनियोजन गर्नुपर्नेमा सहभागीको जोड थियो।

## अन्तर्राष्ट्रिय क्रस कन्ट्रीको उपाधि नेपाली टोलीलाई

पोखरापत्र संवाददाता
पोखरा, ९ मंसिर



पोखरामा शनिबार सम्पन्न भएको अन्तराष्ट्रिय पर्वतीय क्रस कन्ट्री दौड प्रतियोगितामा नेपाली टोलीले उपाधि जितेको छ। ४० को दुरीमा १७ किलोमिटर दौड, २२ किलोमिटर साईक्लिङ र एक किलोमिटर डुंगा रेसमा पहिलो हुदै नेपाली टोलीले उपाधि सहित ३ लाख ६० हजार पुरस्कार हात पार्न सफल भएको हो।

नेपाली टोलीका सुमन कुलुङ, इन्द्रकला नेम्वाङ र रमेश लिम्बुको टिम प्रथम हुनु भएको उक्त प्रतियोगिताका खेलाडी दर्ता विभाग एवं पुरस्कार वितरण संयोजक गोकर्ण कार्कीले बताउनु भयो। त्यसै गरी प्रतियोगितामा श्रेवी महर्जन, मुहेश थारु र बसन्त थारुको टिम दोस्रो हुनु भएको छ। ४० किलोमिटरकै प्रतिस्पर्धामा नेपाली टोलीले तेस्रो स्थान हासिल गर्न सफल हुनु भयो। नेपालका श्रीकास राई, तिलक सुनुवार र केशरी थापा मगर(नेपाली सेना) को टोली तेस्रो स्थानमा आउनु आउनु भएको हो। चिनिया टोली भने चौथो स्थानमा आउन सफल भयो जसमा लिन सिआक्जी, याङ चुन्हेङ र होउ क्विड रहनु भएको थियो। पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड र नेपालस्थित चिनिया राजदूतावासको संयुक्त आयोजनामा शनिबार पोखरामा दोश्रो पटक आयोजना भएको उक्त प्रतियोगिता अन्तर्गत एकल तर्फको ३८ किलोमिटर दौडमा नेपाली धावक होमलाल श्रीस प्रथम हुनु भयो। त्यस्तै वेदबहादुर सुनुवार दोस्रो, तीर्थ तामाङ तेस्रो, करन रावल चौथो हुनु भएको छ। उहाँहरु सबै नेपाली सेनाका धावकहरु हुनु हुन्छ । क्रसकन्ट्री दौडको टिम इभेन्टमा नेपाली ११ टिम र पाहुना टोली चिनिया ३ टोलीले प्रतिस्पर्धा गर्नु भएको थियो। एकल प्रतिस्पर्धामा ३६ जना चिनिया सहित ७६ जनाले सहभागिता जनाउनु भएको थियो । टीम इभेन्टमा दोस्रो हुने टोलीले २ लाख ८८ हजार र तेस्रो हुने टोलीले नगद २ लाख १६ हजार चौथो हुनेले १ लाख ४४ हजार रुपैयाँ प्राप्त गर्नु भयो । व्यक्तिगत प्रतिस्पर्धाको विजेताले १ लाख ४४ हजार, दोस्रो हुनेले १ लाख ८ हजार, तेस्रो हुनेले ५४ हजार र चौथो हुनेले १८ हजार रुपैयाँ प्राप्त गर्नु भयो। अन्तराष्ट्रिय क्रसकन्ट्री दौडकै अवसरमा विद्यार्थीहरु लक्षित सडक दौडमा कुमुदिनी होम्सका छात्र कृष्णबहादुर परियार र छोरेपाटन माविकी छात्रा नारायणी भण्डारी प्रथम हुनु भएको छ। उहाँहरुले नगद २५/२५ हजार रुपैयाँ प्राप्त गर्नु भयो। ५ किलोमिटरको दौडमा छात्र तर्फ तेन्जोन रोका मगर र कास्की मोर्डनाइज्डका बादल कार्की क्रमश दोस्रो र तेस्रो हुदा छात्रा तर्फको प्रतिस्पर्धामा मेघराज आधारभूत विद्यालयकी एन्जिला जिटी दोस्रो र तालबाराही माविकी गीता श्रेष्ठ तेस्रो हुनु भयो। दोस्रो र तेस्रो भएका छात्र तथा छात्राहरुले नगद २० र १५ हजार रुपैयाँ प्राप्त गर्नु भयो। छात्रछात्रा दौडमा भने ४ सय २४ जना सहभागि भएको कार्कीले जनाउनुभयो। त्यरै गरी पोखराको बराहीघाट देखि सुरु भएको दौडमा डेभिडफल्स, फुर्सेखोला, मट्टिखान रिसोर्ट, कुभिण्डे भञ्याङ, उल्लेरि, भुम्दी, ओख्लेडाँडा, लुकुन्स्वाँरा, पुम्दीकोट, शान्ति स्तुपाः गौरी प्रा.वि., फेवाताल पारी लिचिबोट हुदै पुनः बाराही घाटसम्मको दुरी तय गरिएको थियो । उक्त

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अराजकता अन्त्यका लागि समाजवादी मोर्चा र सत्ता गठबन्धनबीच सहकार्य जरुरी : अध्यक्ष नेपाल

रासस
काठमाडौं, ९ मंसिर

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले वर्तमान समयमा देखिएका अराजकताको अन्त्य गर्न समाजवादी मोर्चा र सत्ता गठबन्धनबीच सहकार्य हुनुपर्ने बताउनुभएको छ।

पार्टीको बागमती प्रदेश कमिटीद्वारा आयोजित प्रशिक्षण कार्यक्रम अध्यक्ष नेपालले मुलुकमा अहिले अतिवादी कुरा गरेर अराजकता मच्चाउन खोज्नेबाट देखिएका भ्रम न्यूनीकरण गर्न मोर्चा र गठबन्धनकाबीच समन्वय गरी जनतालाई यथार्थ विषय बताउन सभा, सम्मेलन गर्नुपर्ने बताउनुभयो। पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका नेपालले बैंकबाट लिएको ऋण तिर्नु पर्दैन भन्ने विचार फैलाएर जनताको भावनामाथि खेलिरहेका समूहबाट सचेत रहन आग्रह गर्नुभयो। गणतन्त्रविरुद्ध प्रतिगामी शक्ति अहिले परिचालित रहेको बताउँदै उहाँले भन्नुभयो, "म जनतालाई अनुरोध गर्न चाहन्छु, हामीले सत्य कुरा भुलेर भीडको पछि लाग्नु हुँदैन ।"

पीडितको मुद्दा उठाउने बहानामा आफ्नो राजनीतिक अभिष्ट पूरा गर्ने समूहलाई राज्यले नियन्त्रण गर्नुपर्ने बताउँदै उहाँले भन्नुभयो, "बैंकबाट ऋण लिएका मान्छेलाई ऋण तिर्नु पर्दैन भन्दै उनीहरूको भावनामाथि खेलिरहेका छन्। खास पीडित को हुन् ? कसरी उनीहरू पीडित भएका हुन्, त्यसको खोजी गर्नुपर्छ।"

कार्यक्रममा अध्यक्ष नेपालले सहिदहरूको बलिदानी, जनताको कठोर सङ्घर्षबाट स्थापित गणतान्त्रिक व्यवस्थामाथि खतरा पैदा हुन थालेपछि त्यसको प्रतिकार गर्न हामी तयार हुनुपर्ने विचार व्यक्त गर्नुभयो।

## भारतबाट आएका सात वटा मुर्रा राँगा पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, ९ मंसिर

भारतबाट आएका सात वटा मुर्रा राँगा पोखरामा आईपुगेको छ। छिमेकी मुलुक भारतले नेपाललाई उपहारको रुपमा उपलब्ध गराएको उन्नत जातका मुर्रा राँगा मध्ये सातवटा शुक्रबार राति पोखरामा ल्याईएको हो।

भारतले नेपाललाई दिएको १५ वटा उन्नत जातका मुर्रा राँगा मध्ये सातवटा पोखरा ल्याइएको राष्ट्रिय पशु प्रजनन कार्यालय पोखराका प्रमुख डा.जगदीश पाण्डेले बताउनु भयो। कृषि तथा पशुपन्क्षीको क्षेत्रमा दुई देशबीचको सहकार्य अनुरुप भारतले दिएका मध्ये सात वटा राँगाबाट अब यस क्षेत्रको भैंसी पालनमा कोषेढुंगा साबित हुने उहाँले बताउनु भयो। उहाँका अनुसार पोखरा



ल्याइएका मुर्रा राँगालाई २१ दिन क्वरेन्टिनमा राखिने र त्यसपछि मात्र बीर्य उत्पादन सिकाई सुरु गरिने भएको छ। राँगाहरुबाट आगामी पुसदेखी बीर्य सङ्कलन सुरु गरिने भएको छ। मुर्रा राँगाहरु स्वस्थ छन् भनेर प्रमाणित गरेर मात्र त्यसको बीर्य उत्पादनमा लाग्ने भएको प्रमुख डा. पाण्डेले बताउनु भयो। क्वारेन्टिन अवधि पूरा नभई अन्य बथानसँग उक्त राँगा मिसाउन नहुने उहाँले जनाउनु भयो। पाण्डेले भन्नुभयो,"यहाँ ल्याइएका सबै दुई वर्ष उमेर पूरा भएका छन्, विभिन्न पशु रोगहरुको परीक्षणपछि मात्र बीर्य सङ्कलन सुरु गर्छौं।"

एउटा राँगाबाट वार्षिक १५ देखी २० हजार डोज बीर्य उत्पादन हुने अनुमान गरिएको पशु प्रजनन कार्यालयले उल्लेख गरेको छ। भैंसीमा पहिलोपटक उन्नत जातको नश्ल सुधारका लागि भारतबाट राँगा ल्याइएकाले यहाँका कृषक लाभान्वित हुने कार्यालय प्रमुख डा पाण्डेले बताउनुभयो।

भारतले दिएका मुर्रा राँगा नेपालगञ्जस्थित रुपैडिया नाका हुँदै स्वदेश ल्याइएको हो। उच्च नश्लका मुर्रा भैंसीहरूले रैथाने भैंसीभन्दा दोब्बर परिमाणमा दूध दिन्छन्। सरकारले यहाँका रैथाने भैंसीहरूमा नश्ल सुधार गर्न भारतबाट मुर्रा राँगा ल्याएको हो । प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को गत जेठमा सम्पन्न भारत भ्रमणका क्रममा नेपालको अनुरोधमा भारतले १५ वटा मुर्रा राँगा दिने घोषणा गरेको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा एन्ड्युरोको उपाधि इन्डोनेसियाका रामा तेगुलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ९ मंसिर

११ देशका खेलाडीको सहभागिता रहेको अन्तर्राष्ट्रिय माउन्टेन बाइक रेस सम्पन्न भएको छ। जसमा पोखरा एन्ड्युरोको उपाधि इन्डोनेसियाका रामा तेगु अदि प्रतामाले हात पारेका छन्। उनले ५ स्टेज (ट्र्याक)को ११.९२० किमीको दुरी ९ मिनट ५९ सेकेण्ड ५२ मिलिसेकेण्डमा पार गरे।



विभिन्न ७ विधामध्ये इलिट पुरुष तर्फको उक्त विधामा उपाधि हात पार्दै रामाले नगद रु ५० हजार सहित प्रमाणपत्र, मेडल र गिफ्ट ह्याम्पर प्राप्त गरेका छन्। त्यसैगरि सोही बिधामा युकेका क्रिस्टोफर किलिङले दोस्रो र नेपालका प्रचित थापा मगरले तेस्रो स्थान बनाउन सफल भए। किलिङले सोही दुरी १० मिनट १६ सेकेण्ड ९७ मिलिसेकेण्डमा पार गरेभने प्रचितले १० मिनट ३६ सेकेण्ड १३ मिलिसेकेण्डमा पार गरे। यससँगै किलिङले नगद रु ३० हजार सहित प्रमाणपत्र र गिफ्ट ह्याम्पर प्राप्त गरे भने प्रचितले नगद रु २० हजार सहित प्रमाणपत्र, मेडल र गिफ्ट ह्याम्पर प्राप्त गरे।

त्यस्तै महिला तर्फ भने नेपालकी लक्ष्मी मगरले प्रथम, नेपालकै मिङ्मा याङ्जी सेर्पाले दोस्रो र सिंगापुरकी इभोना सियाले तेस्रो स्थान हासिल गर्न सफल भए। उनीहरुले १० किमी ५०० मिटरको दुरी क्रमशः ९ मिनट ५३ सेकेण्ड ४८ मिलिसेकेण्ड, ११ मिनट २५ सेकेण्ड ३१ मिलिसेकेण्ड र १५ मिनट ३५ सेकेण्ड ३६ मिलिसेकेण्डमा पार गरे। योसँगै उनीहरुले क्रमशः नगद रु ३५ हजार, २५ हजार र १५ हजार सहित प्रमाणपत्र, मेडर र गिफ्ट ह्याम्पर प्राप्त गरे।

अर्को विधा १८ वर्षसम्मका पुरुष जुनियर तर्फ नेपालका बिपुल थापा प्रथम हुन सफल भए। उनलाई पछ्याउदै अमेरिकाका एलिजा स्टेवार्ड दोस्रो र नेपालका दिपेश थापा तेस्रो भए। उनीहरुले प्रमाणपत्र, मेडलका साथमा गिफ्ट ह्यापर प्राप्त गरे। त्यस्तै ३० देखि ३९ वर्ष समुहका लागि मास्टर्स 'क' विधामा राजन भण्डारी प्रथम, मंगल लामा दोस्रो र कुंगा वोसेर तेस्रो हुन सफल रहे। तीनै जना नेपालका खेलाडीले प्रमाणपत्र, मेडलका साथमा गिफ्ट ह्यापर प्राप्त गरे। त्यसैगरि अर्को विधा ४० देखि ४९ वर्षसम्मका लागि मास्टर्स 'ख' विधामा सुरज पाण्डेले प्रथम, रवि कार्कीले दोस्रो र नारायण मानन्धरले तेस्रो स्थान बनाउन सफल भए। उनीहरु सबै नेपाली हुन्। उनीहरुले प्रमाणपत्र, मेडलका साथमा गिफ्ट ह्यापर प्राप्त गरे। त्यस्तै ५० वर्षभन्दा माथीका समूहका लागि भेट्रान विधा तर्फ लाल आले, सुलोचन राजभण्डारी र सैशव प्रधान क्रमशः प्रथम, दोस्रो र तेस्रो भए। नेपालका उनीहरुले प्रमाणपत्र, मेडलका साथमा गिफ्ट ह्यापर प्राप्त गरे। नेपालमै पहिलो पटक आयोजना भएको 'इ-बाइक' विधामा प्रशन्न गौतम प्रथम हुन सफल भएभने विश्वास मोदी दोस्रो भए। उनीहरुले प्रमाणपत्र, मेडलका साथमा गिफ्ट ह्यापर प्राप्त गरे। माउन्टेन बाइक कम्पनी डन टिल डस्कको आयोजनामा तीन दिनसम्म पोखरा महानगरपालिका वडा नं. १३ को आर्बा-बिजय डाँडा (महाप्रभु धाम)मा प्रतियोगिता सम्पन्न भएको हो। विगत ४ वर्षदेखि आर्वामा तयारी गर्दै आएको थियो। उक्त स्थानमा प्रतियोगितालाई निरन्तरता दिइने आयोजकले जनाएको छ।

प्रतियोगितामा नेपालसहिति ११ देशका ५६ खेलाडीले सहभागिता जनाएका प्रतियोगिताका रेस डाइरेक्टर सुनिलचन्द्र शर्माले बताए।

उक्त प्रतियोगितालाई पोखरा महानगरपालिका, कास्की जिल्ला साइक्लिङ संघ, पोखरा खेलकुद विकास समिति तथा पोखरा १३ को वडा कार्यालयले समन्वय गरेको थियो।

# कर्मचारी मिलन केन्द्र कास्कीमा नयाँ कार्यसमिति सर्वसम्मत

**पोखरापत्र संवाददाता**
पोखरा, ९ मंसिर

कर्मचारी मिलन केन्द्र कास्कीको तेस्रो अधिवेशन एवम् पाँचौं साधारणसभाले केन्द्रको नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ।

पोखरा महानगरपालिका वडा नं ११ कार्कीडाँडामा आयोजित अधिवेशनले जिल्ला शिक्षा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्यको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको हो।

जिल्लास्थित सरकारी, सार्वजनिक संस्थान लगायत क्षेत्र समेटेर निर्मित समितिको उपाध्यक्षमा नवराज गौतम, सचिवमा सन्तोष ढुङ्गाना, सह सचिवमा सागर भण्डारी, कोषाध्यक्षमा मञ्जु अधिकारी र सह कोषाध्यक्षमा डा.प्रकाश अधिकारी रहनुभएको छ। समितिका सदस्यहरूमा मुकुन्दराज पौडेल, बद्री आचार्य, प्रदिपकुमार श्रेष्ठ, निर्मला फुलारा, वासुदेव पौडेल र सन्तोष थापा रहनुभएको छ। स्थानीय तह एवम् सुरक्षा निकायबाट एक एक जना पछि कार्यसमितिले चयन गर्ने जनाइएको छ। अधिवेशनका लागि जिल्ला समन्वय अधिकारी नवराज बरालको संयोजकत्वमा सहायक प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकाल र मिलन केन्द्रका अध्यक्ष केदार बराल सदस्य रहनुभएको निर्वाचन समिति गठन गरिएको थियो। समितिले आवश्यक छलफल सहित कार्यसमिति सर्वसम्मत चयन गरेको हो। यस अघि अधिवेशनको उद्घाटन समारोहमा कर्मचारी मिलन केन्द्रका संरक्षक एवम् कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले केन्द्रलाई जिल्लास्थित कार्यालयका कर्मचारीको सुख, दुःखको साथी बनाउन सक्नुपर्ने बताउनुभयो। केन्द्रलाई सिर्जनात्मक बनाउनका लागि सबैको सकृयता आवश्यक हुने उहाँले बताउनुभयो।



गण्डकी प्रदेशका निमित्त प्रमुख सचिव विनोदबहादुर कुँवरले सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा कृयाशिल कर्मचारीलाई आफ्नो नियमित सेवा प्रवाहका अतिरिक्त सामाजिक काममा सिर्जनात्मक काममा लाग्न प्रेरणा दिने संस्था कर्मचारी मिलन केन्द्र भएको बताउनुभयो।

केन्द्रका अध्यक्ष केदार बरालको अध्यक्षता एवम् उपाध्यक्ष महेश पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभयो भने कोषाध्यक्ष सन्तोष ढुङ्गानाले सचिव तथा कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। उक्त अवसरमा सेवा निवृत्त बन्नुभएका केन्द्रका कार्यसमिति सचिव कृष्णप्रसाद पौडेल र सदस्य अनिल शाहीलाई सम्मानपत्र एवम् मायाको चिनो प्रदान गरिएको थियो। कार्यक्रममा नवनिर्वाचित अध्यक्ष लोकनाथ आचार्य, सेवा निवृत्त सहायक प्रमुख जिल्ला अधिकारी अनिल शाही लगायतले बोल्नुभएको थियो।

# एभरेस्ट एफएमद्वारा आयोजित रक्तदानमा १८८ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ९ मंसिर

पोखराबाट प्रशारण हुने एभरेस्ट एफएम ९३ मेगाहर्जले शनिबार पोखरामा आयोजना गरेको रक्तदान कार्यक्रममा १८८ युनिट रगत संकलन भएको छ।



एभरेस्ट मिडिया हाउस प्रालिद्वारा सञ्चालित एभरेस्ट एफएम र एभरेस्ट आवाज डटकमले आफ्नो वार्षिकोत्सवको अवसर पारेर शनिबार आयोजना गरेको रक्तदान कार्यक्रममा १५७ जना पुरुष र ३१ जना महिलाले रक्तदान गरेका हुन्।

'नियमित रक्तदान गरौं, जीवन बचाउने अभियानमा सहभागी बनौं' भन्ने मूल नाराका साथ आयोजित एफएमको रक्तदान कार्यक्रममा ३१ जनाले पहिलो पटक रक्तदान गरेका छन्। रक्तदानमा सशस्त्र प्रहरीको मुक्तिनाथ बाहिनी, नेपाल प्रहरी, कालिगड संघ कास्की,फिस्टेल लज, जिफन्ट, इन्डियन पेन्सन क्याम् भू पू गोर्खा, नागरिक समाजलगायतको संस्थागत सहभागिता रहेको थियो।

यसअघि रत्तदान कार्यक्रमको एभरेस्ट मिडिया हाउस प्रालिकी अध्यक्ष कर्मकुमारी गुरुङले रक्तदाता ट्याक्सी चालक शंकर गुरुङ र नागरिक समाज पोखराका पूर्व अध्यक्ष तथा सामाजिक अभियन्ता रामबहादुर पौडेललाई ब्लड ब्याग हस्तान्तरण गरेर उद्घाटन गरेकी थिईन्।

रक्तदान कार्यक्रम रक्त सञ्चार केन्द्र पोखराको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रम विहान ७:३० बजेदेखि मध्याह्न १२ बजेसम्म भएको थियो। रक्तदान कार्यक्रमको उद्घाटन कार्यक्रममा बोल्दै अध्यक्ष कर्मकुमारी गुरुङले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मिडिया हाउसले रक्तदान कार्यक्रम गरेको बताईन्। उनले रेडियोको जीवन बचाउने अभियानमा सहभागि हुन आग्रह गरिन्।

एभरेस्ट एफएम तथा एभरेस्ट आवाज डटकमका सम्पादक दीपेन्द्र श्रेष्ठले जीवन बचाउने अभियान अन्तर्गत रक्तदान कार्यक्रम गरिएको बताए। संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वार्षिकोत्सवको अवसर पारेर वार्षिक क्यालेन्डर नै बनाएर मिडिया हाउसले रक्तदान गर्दै आएको उनले बताए। रक्त सञ्चार केन्द्र पोखराका प्राविधिक प्रमुख अर्जुनप्रसाद ज्ञवालीले हरेक स्वस्थ व्यक्तिले तीन/तीन महिनामा रक्तदान गर्न सक्ने बताए। नेपाल रेडक्रस सोसाईटी कास्कीका महामन्त्री सुरेन्द्र गुरुङले रक्तदान गर्नु आफैमा महादान भएकाले यसमा सरिक हुन सबैमा आग्रह गरे।

रक्तदान कार्यक्रममा आस्था किड्नी स्पेसलाईज्ड हस्पिटल प्रालि रानीपौवा पोखरा, हिमालयन एभरेस्ट ईन्सुरेन्स लिमिटेड न्यूरोड पोखरा, युनाइटेड रेफ्रेन्स ल्याब्रोटरी प्रालि (युआरएल), नेलम्बो नेपाल, सिटीजन फर्निचर ट्रेडलिंक प्रालि, सिटीजन फर्निचर एण्ड फर्निसिङ सप्लायर्स न्यूरोड पोखरा, भिएडब्ल्यू ईन्टरप्राइजेज प्रालि (यामाहा शोरुम), पोखरा ओम हस्पिटल डाईग्नोष्टिक एण्ड रिसर्च सेन्टर प्रालि, पुन ग्रुप अफ पोल्ट्री ईण्डष्ट्रिज प्रालि पोखरा-५ पर्स्याङ, फिस्टेल हस्पिटल एण्ड रिसर्च सेन्टर प्रालि, डिजिटल साउण्ड एण्ड भिजन न्यूरोड पोखरा, सुईखेत भ्याली रिसोर्ट प्रालि सुईखेत, कप स्टोरिज अर्चलबोट पोखरा, परिचय डटकम सभागृहचोक, होटल पोखरा वाटीका प्रालि लेकसाईड, ब्याम्बो क्याटरिङ सर्भिस, पेनगुईन मिनरल वाटर र केटी हाउस पर्स्याङ, बेम्बो क्याटरिंग, प्रतिभा फोटो स्टुडियो लगायतले सहकार्य गरेको मार्केटिङ डाइरेक्टर भोलाकुमार श्रेष्ठले जानकारी दिए।

# अन्तर्राष्ट्रिय ...

प्रतियोगिता पोखरामा दोश्रो पटक भएको नेपाल चिन मैत्रि संघका अध्यक्ष विश्वशंकर पालिखेले बताउनु भयो। उक्त प्रतियोगिताले पोखराको खेल पर्यटनको प्रबर्द्धनमा टेवा पुग्ने उनले विश्वास व्यक्त गर्नु भयो। उक्त प्रतियोगिताको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री शुसिला सिंखडा, उद्योग पर्यटन वन तथा वातावरण मन्त्री दीपेन्द्र बहादुर थापा, नेपालका लागि चिनियाँ राजदूत छनसङ्, पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले संयुक्तरुपमा रिवान काटेर उद्घाटन गर्नु भएको हो। उक्त प्रतियोगिताका ग्रामिण भेग व्यबस्थापन समितिका संयोजक अर्जुन पोखरेल गाउँ पर्यटन प्रबर्द्धन गर्नु पर्छ भन्ने मान्यताले गर्दा मट्टिखान देखि पुम्दी भुम्दी क्षेत्रको ग्रामिण भेगलाई उक्त दौडको रुटमा समेटिएको बताउनु भयो। बाराही घाटमा नेपाल फोटो पत्रकार संघ कास्की र चिनिया एक टोलीले फोटो प्रर्दशनी समेत गरेको संघका अध्यक्ष दुर्गा प्रसाद पौडेलले बताउनुभयो।


## भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भुकम्पले:

◆ घर, पुल तथा अन्य संरचना भत्कन सक्दछ।

◆ विद्युत तथा टेलिफोन सेवा अवरोध हुन सक्दछ।

◆ बाढी, पहिरो तथा आगलागीको जोखिम भई जनधनको क्षति हुन सक्दछ।

त्यसैले,

◆ घर, पुल तथा अन्य संरचना बनाउँदा भूकम्प प्रतिरोधी बनाऔं।

◆ घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौं।

◆ भकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हार्डी

## सम्पादकीय

# लैङ्गिक हिंसा विरुद्धको अभियान

हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर मनाइने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान शनिबार देखि सुरु भएको छ । 'लैङ्गिक हिंसा मानव अधिकारको हनन हो' भन्ने विषयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा जनचेतना विस्तार गर्न नेपालले पनि हरेक वर्ष नोभेम्बर २५ तारिखमा महिला हिंसा विरुद्धको राष्ट्रिय अभियान दिवसका रुपमा मनाउने गरेको छ । सन् १९८० को दशकदेखि नै विभिन्न मुलुकले महिलामाथि हुने हिंसा विरुद्धको दिवस मनाउँदै आएको भए पनि सन् १९९९ मा संयुक्त राष्ट्रसंघले अनुमोदन गरेपछि महिलामाथि हुने हिंसा विरुद्धको विभिन्न अभियान सुरु भएको पाइन्छ ।

नेपालमा यो दिवस सन् १९९७ देखि विभिन्न कार्यक्रमको आयोजना गरी मनाउन थालिएता पनि विसं २०७५ कात्तिक २९ गतेको मन्त्रिपरिषद्को बैठकले हरेक वर्ष नोभम्बर २५ तारिखलाई महिला हिंसा विरुद्धको १६ दिने अभियान दिवसका रुपमा मनाउने घोषणा गरेको थियो । यसैलाई प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले सबै समुदायदेखि तहसम्म विभिन्न गतिविधि र कार्यक्रम गरी यो दिवस मनाउँन थालिएको छ ।

महिलामाथि हुने हिंसाविरुद्ध व्यापक जनचेतना जगाउने र समस्याको पहिचान गरी समाधानका लागि राज्यलाई कानुनी आधार तय गर्न सहकार्य गर्नु, लैङ्गिक हिंसा विरुद्ध पुरुषको सहकार्यलाई अभिवृद्धि गर्नु, लैङ्गिक समानता तथा सामाजिक न्यायका क्षेत्रमा काम गर्ने अधिकारकर्मीबीच ऐक्यबद्धता गर्नु, लैङ्गिक हिंसाका विविध आयाममा रणनीतिक छलफल गर्नु १६ दिने अभियानका मुख्य उद्देश्य रहेका छन् ।

नोभेम्बर २५ देखि डिसेम्बर १० का बीचमा पर्ने अन्य दुई महत्वपूर्ण दिवसलाई पनि यही १६ दिने अभियानअन्तर्गत मनाउने गरिएको छ । जसमा डिसेम्बर १ एड्स दिवस र डिसेम्बर १० मा विश्व मानव अधिकार दिवस पर्दछन् । यस अभियानअन्तर्गत विश्वव्यापी रुपमै महिला हिंसासँग सम्बन्धित चरणबद्ध अन्तरक्रिया, सडक नाटक, पोष्टर तथा पम्प्लेट प्रतियोगिता, सार्वजनिक सुनुवाइ, सूचना/शिक्षा सामग्रीको प्रदर्शन, सञ्चार अभियान, गोलमेच छलफललगायत कार्यक्रम गरी मनाउने गरिएको छ ।

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । २१औं शताब्दीमा समेत महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोण, सामाजिक मूल्यमान्यता र यसबाट सिर्जित हानिकारक परम्परागत अभ्यासका कारण महिलाको नेतृत्व स्वीकार हुने वातावरण बन्न सकेको छैन । महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव तथा हिंसाजस्ता जघन्य अपराधलाई राज्यले कानुनद्वारा दण्डनीय बनाएको छ ।

लैङ्गिक समानतालाई विकास र समृद्धिका सवालका रुपमा स्थापित नगरेसम्म देशमा दिगो विकास, समानता, शान्ति र समृद्धिको स्थापना हुन नसक्ने तथ्यलाई विश्वले आत्मसात् गरिसकेको छ । लैगिक हिंसा व्यक्ति वा परिवारको मात्रै समस्या होइन, यो हाम्रो राजनीतिक प्रणाली, सामाजिक संरचना र देशले अवलम्बन गर्ने सबै खाले नीतिहरुसँग गाँसिएको छ । सबै क्षेत्रमा महिलाहरुको सम्मानजनक उपस्थिति र सहभागिता सुनिश्चित भएमात्रै हामीले महिलामाथि हुने सबै खाले हिंसाको अन्त्य गर्न सकिन्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | सहयोग मिल्नेछ | तुला | ब्यापारमा लाभ |
| वृष | सत्कार मिल्नेछ | वृश्चिक | अप्रत्यसित लाभ |
| मिथुन | सम्मान मिल्नेछ | धनु | शत्रुको भय |
| कर्कट | आर्थिक समस्या | मकर | झमेला बढ्ने |
| सिंह | मानसिक तनाब | कुम्भ | कार्यमा सफलता |
| कन्या | शारीरिक झमेला | मीन | मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# देवघाटधाममा गण्डकी परिक्रमा महोत्सव

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ मंसिर

तनहुँ, चितवन र नवलपुरको सङ्गमस्थल देवघाटधामको धार्मिक महत्व उजागर तथा वैदिक सनातन धर्मसंस्कृतिको प्रचारप्रसार गर्ने उद्देश्यले सन्त महात्माको अगुवाइमा आज गण्डकी परिक्रमा महोत्सव हुँदैछ ।

वैकुण्ठ चतुर्दशीको अवसर पारेर गण्डकी परिक्रमा महोत्सव आयोजना गरिएको महेश संस्कृत गुरुकुलका प्राचार्य फणीन्द्रप्रसाद पौडेलले रासससलाई जानकारी दिनुभयो । बिहान ७ बजे देवघाटधामको वेणी सङ्गमबाट सुरु हुने परिक्रमाअन्तर्गत तनहुँतर्फ पशुपतिनाथ मन्दिर, गङ्गा मन्दिर, अघोर आश्रम, गलेश्वर आश्रम (सिद्धेश्वर मन्दिर), दुर्गा पाञ्चायन मन्दिर, चक्रवर्ती आश्रम (मणिमुकुन्देश्वर मन्दिर), महेश सन्न्यास आश्रम, अभय सन्न्यास आश्रम (रामेश्वर मन्दिर), हरिहर सन्न्यास आश्रम (हरिहर मन्दिर), राम मन्दिर, लक्ष्मीनारायण मन्दिर, गणेश मन्दिर, केदारेश्वर मन्दिर र बद्रिनाथ मन्दिर) को परिक्रमा गरिनेछ ।

चितवनतर्फ देवघाट बसपार्कको सङ्कल्पेश्वर हनुमान् मन्दिर, छेदेन थर्वालिङ गुम्बा, विश्वशान्ति यज्ञशाला मन्दिर, राम मन्दिर, राधाकृष्ण मन्दिर, लक्ष्मीनारायण मन्दिर, सीताराम संस्कृत मावि, कन्या गुरुकुल, धर्मदर्शन आश्रम, योगी नरहरिनाथ गौशाला वागीश्वरी मन्दिर, आँपटारी दियालो बङ्गाल चोक, गणेशस्थान, बौद्ध गुम्बा बसेनी, गौरेश्वर शिव मन्दिर पोखरा बसपार्क, राजयोग सेवा केन्द्र नारयणगढ, हरिहर मन्दिर नारयणगढ, श्रीराम मन्दिर पुल्चोकको परिक्रमा गरिनेछ ।

नवलपुरतर्फ गैँडाकोट पुलचोकको गोपेश्वर महादेव मन्दिर, मौलाकालिका भगवती मन्दिर, वेद विद्याश्रम, शुकदेव भागवताश्रम, श्रीनिम्बाकाचार्यदर्शन केन्द्र, श्रीलक्ष्मीनरसिंह दिव्यधाम मन्दिर, बेसक्याम्प, केलादी क्षेत्र र हर्दी हुँदै पुनः तनहुँको देवपुरको साँढेबगर बौद्ध गुम्बा, भुवराह मन्दिर हुँदै मणिमुकुन्देश्वर चक्रवर्ती आश्रममा आई समापन हुने कार्यक्रम रहेको छ ।

# अलैँची दाना बिक्रीबाट २४ करोड आम्दानी

**रासस**
लमजुङ, ९ मंसिर

अलैँचीखेतीको 'हब' बन्दै गरेको लमजुङका किसानले अलैँची दाना बिक्री गरेर रु २४ करोड आम्दानी गरेका छन् । प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना कार्यान्वयन इकाइ लमजुङका अनुसार जिल्लामा उत्पादित दुई सय ५१ मेट्रिक टन अलैँची दाना बिक्रीबाट यस वर्ष यतिका रकम आम्दानी भएको हो ।

आर्थिक वर्ष २०८०/८१ मा अलैँची दाना बिक्रीबाट सो रकम आम्दानी भएको परियोजना कार्यान्वयन इकाइ लमजुङका कृषि अधिकृत हरिबहादुर मिजारले जानकारी दिनुभयो । यहाँ विसं २०४१ बाट अलैँचीखेती विस्तार हुँदै आएको छ । अधिकृत मिजारका अनुसार यस वर्ष जिल्लाका किसानले प्रतिकिलो एक हजार दुई सयका दरले अलैँची बिक्री भएको छ । गत वर्ष तीन सय ८० मेट्रिक टन अलैँची दाना बिक्रीबाट रु २० करोड आम्दानी भएको थियो । आव २०७९/८० मा प्रतिकिलो अलैँची कम्तीमा रु पाँच सय ५० देखि सात सयसम्म बिक्री भएको थियो । उत्पादनका हिसाबले अलैँची दाना उत्पादन घटे पनि मूल्य वृद्धि हुँदा जिल्लाका किसानले यस वर्ष हालसम्मकै बढी आम्दानी गरेका छन् । आव २०७८/७९ मा तीन सय ३५ मेट्रिक टन अलैँची दाना बिक्रीबाट रु १५ करोड आम्दानी भएको थियो । त्यस्तै, एक दशकअघि रु १३ करोडसम्म अलैँची दाना बिक्रीबाट आम्दानी भएको थियो । आव २०७७/७८ मा तीन हजार पाँच सय क्विन्टल अलैँची दाना बिक्रीबाट रु १८ करोड २० लाख आम्दानी भएको थियो । उक्त वर्ष नौ सय ५० देखि साढे एक हजार रुपैयाँ बढी मूल्यमा बिक्री गरेका थिए । आव २०७६/७७ मा जिल्लामा दुई हजार क्विन्टल अलैँची दाना बिक्री गरेर किसानले रु १२ करोड आम्दानी गरेका थिए । त्यस्तै आव २०७५/७६ मा सात सय ५० क्विन्टल अलैँची दाना बिक्रीबाट किसानले पाँच करोड २५ लाख रुपैयाँ आम्दानी गरेका थिए । मर्स्याङ्दी गाउँपालिका–७ लुदीका सोमबहादुर तामाङले यस वर्ष गत वर्षको तुलनामा कम उत्पादन गरी बढी आम्दानी गर्नुभएको छ । दुई सय ७५ किलो अलैँची दाना बिक्रीबाट तीन लाख ७१ हजार दुई सय ५० रुपैयाँ आम्दानी गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार गत वर्ष साढे तीन क्विन्टल अलैँची दाना बिक्री गरेर करिब रु दुई लाखमात्र आम्दानी गर्नुभएको थियो । जिल्लाभरिका अधिकांश किसानले रु एक हजार दुई सयमा प्रतिकिलो अलैँची बिक्री गरे पनि यहाँका तामाङसहित गाउँलेले एक हजार तीन सय ५० रुपैयाँ प्रतिकिलो अलैँची दाना बिक्री गरेको बताइएको छ । तामाङले मात्र नभई जिल्लाका अधिकांश अलैँची किसानको अलैँची खेतीबाट अलैँची दाना उत्पादन कम गरेका छन् । जिल्लाका किसानले कुनैबेला प्रतिकिलो दुई हजार दुई सय रुपैयाँसम्म अलैँची दाना बिक्रीबाट लिने गरेको थियो । जिल्लामा उत्पादित अलैँची दानाको माग उच्च रहँदै आएको छ । भारतको एकाधिकारका कारण किसानको मागअनुसार अलैँची दानाको मूल्य नपाएको गुनासो गर्दै आए पनि यस वर्ष भने केही राहत महसुस गरेका छन् । यस वर्ष अलैँची दानाको मूल्यवृद्धि हुँदा अलैँची किसान हर्षित भएका छन् । जिल्लामा एक हजार हेक्टर बढी क्षेत्रफलमा अलैँचीखेती हुँदै आए पनि पाँच सय हेक्टर क्षेत्रफलभन्दा कम क्षेत्रफलबाट उत्पादन हुँदै आएको बताइएको छ । उक्त परियोजनाले अलैँची जोन पकेट क्षेत्रका रूपमा मर्स्याङ्दी गाउँपालिका, बेँसीसहर नगरपालिका, क्व्होलासोथर गाउँपालिका, दोर्दी गाउँपालिका र दूधपोखरी गाउँपालिकालाई घोषणा गरिसकेको छ । सो क्षेत्रमा सबैभन्दा बढी अलैँचीको उत्पादन हुने गरेको छ । जिल्लामा सात सय मिटरदेखि एक हजार दुई सय मिटर उचाइमा साउने, जिर्मले र डम्बरशाही, एक हजार दुई सय मिटरदेखि १६ मिटर उचाइमा गोलशाही र एक हजार छ सयदेखि दुई हजार दुई सय मिटर उचाइमा रामशाही र भलाङे जातका अलैँची बिरुवा लगाउँदै आएका छन् । जिल्लामा बढी उमेरका अलैँची, कृषकले १५/१६ वर्षको बुढो उमेरका बोटबाट पाना च्यातेर सार्ने, बुढो बगान, स्याहारसुसारमा कमीलगायत कारणले बर्सेनि उत्पादन घट्दै गएको उक्त कार्यालयका कृषि अधिकृत मिजारले बताउनुभयो ।

# पोखरामा पाँचौं युनिप्स खेल महोत्सव मंसिर ११ गतेबाट हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ मंसिर

पोखरामा पाँचौं युनिप्स खेल महोत्सव यहि मंसिर ११ गतेबाट पोखरा रंगशालामा सुरु हुने भएको छ ।

संस्थागत एवं निजी विद्यालयहरुको छाता संस्था (युनिप्स नेपाल)को आयोजनामा हुने पोखरा रंगशालामा सञ्चालन हुने उक्त खेल महोत्सव मंसिर १६ गते सम्म सञ्चालन हुनेछ । महोत्सव अन्तर्गत छात्र/छात्रा भलिबल, छात्र फुटबल, छात्रा/छात्रा खोखो, कवड्डी र एथलेटिक्सका खेलहरु सञ्चालन हुने युनिप्सका अध्यक्ष शान्ता बहादुर गुरुङले जानकारी दिएका छन् । प्रतियोगिता अन्तर्गत मावी स्तरिय (कक्षा ९-१०), छात्र फुटबल छात्र/छात्रा मावी स्तरिय भलिबल, मावीस्तरिय छात्रा खोखो, आधारभुत तह (कक्षा १-५) छात्र/छात्रा कवड्डी, एथलेटिक्स छात्र/छात्रा सबै तह अन्तर्गत हुने खेलकुद उपसमितिका संयोजक विनोद कुमार नेपालीले जनाएका छन् । औपचारिक रुपमा मंसिर ११ गतेबाट प्रतियोगिता सञ्चालन हुने भए पनि उद्घाटन भने मंसिर १४ गते हुने आयोजकले जनाएको छ ।

प्रतियोगितामा युनिप्समा आवद्ध रहेका १८ विद्यालयका ४ हजार भन्दा बढि खेलाडीहरुले सहभागिता जनाउने छन् ।

प्रतियोगितामा विभिन्न खेलका ६ सय खेलाडीहरुलाई पुरस्कृत गरिने भएको युनिप्स सचिवालयका संयोजक शिवहरि सुवेदीले बताए । प्रतियोगिता सम्पन्न गर्न करिव १२ लाख खर्च हुने सुवेदीले जानकारी दिए ।

कोभिडका कारण विगत तिन वर्ष देखि युनिप्स खेल महोत्सव स्थगित रहेको थियो ।

# मुवाथाई राष्ट्रिय च्याम्पियनसिपलाई विभिन्न व्यवसायिक संस्थाहरुको सहकार्य

**पोखरापत्र संवाददाता**
पोखरा, ९ मंसिर

पोखरामा हुने मुवाथाई राष्ट्रिय च्याम्पियनसिपलाई विभिन्न व्यवसायिक संस्थाहरुले सहकार्य गर्ने भएका छन् ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा पुस ८ र ९ गते सञ्चालन हुने प्रतियोगितालाई विभिन्न व्यवसायिक संस्थाहरुले सहकार्य गर्ने भएका हुन् । मार्शल आर्ट खेलको विशिष्ट रुपमा परिभाषित मुवाथाई खेल पछिल्लो क्रममा नेपालमा समेत यसको व्यावसयिकरणको अभ्यास सुरु भएको हो । सोही अभ्यासलाई अभियानको रुपमा अघि बढाउन पहिलो पटक प्रतियोगिता आयोजना गर्न लागिएको प्रतियोगिताका संयोजक एवं प्रदेश खेलकुद परिषदका सदस्य खगेन्द्र क्षेत्रीले बताए । "हामीले पहिलो पटक अभियानको रुपमा मुवाथाई खेललाई स्थापित गर्न अघि बढेका छौं" क्षेत्रीले भने-"यसले गण्डकी प्रदेशमा मात्रै नभई राष्ट्रिय रुपमा समेत महत्वपूर्ण प्रभाव पार्ने छ । साथै यसले नेपालीमा यूवा खेलाडी उत्पादन र उनीहरुको क्षमता निर्खान समेत भूमिका खेल्नेछ ।" प्रतियोगिताको तयारी सुरु भए सँगै सहकार्यका लागि विभिन्न व्यवसायिक संस्थाहरु समेत सहयोगका लागि अघि आएको संयोजक खत्रीले जानकारी दिए । जस अनुसार नेपाली कपडाको उत्कृष्ट ब्राण्डको रुपमा रहेको भिटालिक, पोखरा १५ रामबजार स्थित यूवाहरुले सञ्चालनमा ल्याएको पोखरा अर्वान मार्ट, अटोमोवाइल तथा व्याट्रिहरुको कम्पनी एमरोन र एम्पेल लगायतका संस्थाहरु रहेका छन् । 'कन्टेन्डर' राष्ट्रिय मुवाथाई च्याम्पियनसिपलाई सहयोग गर्ने ति व्यवसायिक संस्थाहरु मध्ये पोखरा अर्वान मार्टले खेलाडी पुरस्कार राशीमा, भिटालिकले खेलाडीहरुको पोशाकमा र अन्य संस्थाहरुले व्यवस्थापनमा सहयोग गर्ने भएको संयोजक खत्रीले जनाए । "सहयोग गर्ने संस्थाहरुलाई म हार्दिक आभार व्यक्त गर्न चाहन्छु", उनले भने-"उहाँहरुको सहयोगले प्रतियोगितालाई भव्य बनाउन विशेष योगदान रहने छ ।" यस्तै प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्माले पोखरालाई खेल पर्यटनको रुपमा विकास गर्न राष्ट्रिय मुवाथाई च्याम्पियनसिपले भूमिका खेल्ने बताए ।

# लिटल फ्लावरमा पुष्परोपण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ मंसिर



पोखरा महानगरपालिका वडा नं २७, रिठेपानीमा अवस्थित विद्यालय लिटल फ्लावर एजुकेशनल एकेडेमीमा विद्यालयको वार्षिक कार्यक्रम अन्तर्गत शनिवार शिक्षककर्मचारीको सहभागीतामा पुष्परोपण कार्यक्रम सम्पन्न भएको छ ।

विद्यालयका कार्यबाहक सञ्चालक अध्यक्ष दिपेन्द्र राईले विद्यालय जस्तो पवित्र ठाउँमा पुष्परोपण कार्यक्रमले थप सौन्दर्य बढाउने बताए । प्रिन्सिपल विकल पौडेलले रोपेका पुष्प तथा विरुवाको गोडमेल र उचित संरक्षण आवश्यक पर्नेमा जोड दिए । विद्यालयका इन्चार्ज रामप्रसाद अधिकारी, हेमा पुन, अतिरिक्त क्रियाकलाप संयोजक विचित्र न्योपाने लगायतले सराहनीय कार्य भन्दै रेखदेखमा जोड दिन अग्रह गरे । कार्यक्रमको सञ्चालन विष्णुहरि पौडेलले गरेका थिए ।

विद्यालयमा हाल कक्षा नर्सरीदेखि कक्षा १२ सम्मका सात सय विद्यार्थीहरु अध्ययनरत छन् ।

# उद्योग दिवसका अवसरमा उद्यमी पुरस्कृत

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ मंसिर

नवौं राष्ट्रिय उद्योग दिवसका अवसरमा शनिबार म्याग्दीमा उद्यामीलाई पुरस्कृत गरिएको छ । जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालयले बुटिक व्यवसायी चन्द्रा घलेर र बाख्रापालक कृषक धनबहादुर श्रीसलाई नगद रु पाँच/पाँच हजारसहित पुरस्कृत गरेको हो ।

सोही अवसरमा चालु आर्थिक वर्षको प्रविधि हस्तान्तरण कार्यक्रममार्फत रू नौ लाख ७१ हजार मूल्य बराबरको सामग्री खरिदका लागि छनोट भएका १२ उद्यमीको नाम सार्वजनिक गरिएको थियो । उनीहरुले उपकरण खरिदमा कूल लागतको ५० प्रतिशत अनुदान पाउने कार्यालयले जनाएको छ ।

बेनी नगरपालिका–३ भकिम्ली डाँडाखानीका श्रीसले वैदेशिक रोजगारीबाट फर्किएपछि व्यावसायिक रूपमा बोयर जातको बाख्राको स्रोत केन्द्र सञ्चालन गर्नुभएको छ । बेनी–४ की घलेले बेनीको गणेश टोलमा बुटिक सेन्टर सञ्चालन गर्नुभएको छ । कराँते, भलिबलको रेफ्रि तथा खेलाडीसमेत रहेकी घलेले विद्यालयका छात्रालाई आत्मरक्षा तालिम र खानाको परिकार बनाउने तालिम पनि दिनुहुन्छ ।

जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापा, उपप्रमुख दिलकुमारी खत्री, बेनी नगरपालिकाका प्रमुख सुरत केसी, प्रमुख जिल्ला अधिकारी तुलसीराम पौडेल, प्रहरी नायव उपरीक्षक मदन कुँवर, जिल्ला समन्वय अधिकारी राजेन्द्र पोखेल, पर्यटन तथा उद्योग कार्यालयका प्रमुख पोषानाथ शर्मालगायतले पुरस्कार वितरण गर्नुभएको थियो ।

कार्यक्रममा बेनी नगर प्रमुख केसीले चालु आवदेखि पशुपालक कृषकलाई उत्पादनका आधारमा अनुदान दिने तयारी गरेको जानकारी दिँदै विभिन्न निकायले अनुदानमा नगरवासीलाई वितरण गरेका उपकरण, औजार र सामग्रीको प्रयोगको अवस्थाका विषयमा अध्ययन थालिएको बताउनुभयो । जिल्ला समन्वय समितिका प्रमुख थापाले उद्योग दिवस मनाउने बजेट प्राप्त नभए पनि अन्य स्रोतमार्फत उद्यमीलाई प्रोत्साहन गरेर पुरस्कृत गरिएको बताउनुभयो । प्रविधि हस्तान्तरण कार्यक्रमअन्तर्गत बेनी–८ को सिर्जना म:म रेष्ट्रेन्ट एण्ड होटल, मालिका–७ को विषम कृषि तथा पशुपक्षी फार्म, मालिका–३ को विशाल टेलरिङ सेन्टर, बेनपा–७ को समतारा फर्निचर उद्योग, बेनपा–६ को विनय फर्निचर उद्योग, बेनपा–५ को संस्कार एण्ड एसीका कुखुरापालन फार्म, बेनपा–८ को मगर टेलरिङ सेन्टर, बेनपा–८ को रेनु टेलरिङ सेन्टर, बेनपा–८ को अस्मिता टेलरिङ सेन्टर, बेनपा–७ को रोशन टेलरिङ र अर्विन टेलरिङ सेन्टर अनुदानका लागि छनोट गरिएको पर्यटन तथा उद्योग कार्यालयका प्रमुख पोषानाथ शर्माले जानकारी दिनुभयो ।

